# आर्थिक

## सयपत्री हाइड्रोपावर लिमिटेडको ८ औं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण

(कम्पनी ऐन, २०६३ को दफा ७५(३) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम प्रकाशित)

१. **वैधानिक सभाः** सयपत्री हाइड्रोपावर लिमिटेडको मिति २०८२ साल ज्येष्ठ महिना २९ गते तदनुसार सन् २०२५ जुन १२ बिहिवार बसेको सञ्चालक समितिको ८१ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा कम्पनीको प्रवन्धपत्र र नियमावली बमोजिम यस कम्पनीको ८ औं वार्षिक साधारण सभा कम्पनीका सञ्चालक समितिका अध्यक्ष डा. एक नारायण चापागाईज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय र स्थानमा बसी निर्धारित विषयमा छलफल तथा निर्णय देहाय बमोजिम काम कारवाई सुसम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थानः**

**मितिः** २०८२ साल आषाढ महिना २१ गते (तदनुसार सन् २०२५ जुलाई ५) शनिवार ।

**समयः** बिहान ८:00 बजे ।

**स्थानः** ज्योति बैंक्वेट एण्ड इभेन्ट म्यानेजमेन्ट, मैजुबाल, कुमारीगाल, काठमाण्डौ ।

३. **सभाको सूचनाः** यस कम्पनीको मिति २०८२ साल ज्येष्ठ महिना २९ गते तदनुसार सन् २०२५ जुन १२ बिहिवार बसेको सञ्चालक समितिको ८१ औं बैठकको निर्णयानुसार कम्पनीको ८ औं बार्षिक साधारण सभाको सूचना (स्थान, मिति, समय र छलफल हुने विषय समेत) कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार मिति २०८२/०२/३० र मिति २०८२/०२/३१ गते सिटी पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुका साथ कम्पनीको वेभसाईटमा राखी शेयरधनी महानुभावहरुमा सार्वजनिक रुपमा सूचित गरिएको थियो ।

४. **छलफल तथा निर्णयका लागि निर्धारित विषयसुचीः**

(क) **सामान्य प्रस्तावः**

(१) आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन बारे ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८०/०८१ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु बारे ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण गर्न लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

(४) आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण गर्नका लागि कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनी ऐन, २०६३ को दफा ११३ बमोजिम नियुक्त लेखापरीक्षकको नियुक्ती अनुमोदन गर्ने बारे ।

(ख) **विशेष प्रस्तावः**

(१) कम्पनीको प्रवन्धपत्रमा संशोधन गर्ने बारे ।

(२) कम्पनीको चुक्ता पूँजीको १:१ (एक शेयर बराबर एक शेयर) अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने बारे ।

(३) हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकमको उपयोग बारे ।

(ग) **विविध** ।

५. **सभामा उपस्थितिः**

(१) कुल शेयर संख्यामाः ३०,००,००० थान ।

(२) जम्मा शेयरधनीः ३८,२८१ जना ।

(३) सभा सञ्चालन गर्न आवश्यक न्यूनतम गणपूरक संख्या (शेयरमा): १५,००,००१ थान ।

(४) कूल शेयरको प्रतिनिधित्व (प्रतिशतमा): ६४.३६ प्रतिशत ।

(५) कूल शेयरको प्रतिनिधित्व (संख्यामा): १९,३०,७९५ थान ।

(६) सभामा उपस्थित शेयरधनीको संख्याः ७३ जना ।

६. **सभाको वैधानिकता र सभा संचालनः**

कम्पनीको ८ औं बार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार बोलाइएको र सभाको गणपूरक संख्याको हकमा कम्पनी ऐन, २०६३ को दफा ७३(२) को प्रावधान अनुसार साधारण सभाको गणपरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० (पचास) प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ (तीन) जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम कम्पनीको ८ औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ३ (तीन) जना भन्दा बढी रहेको र शेयर संख्या बाँडफाँड भएको शेयरको ५० (पचास) प्रतिशत भन्दा बढी भएको हुँदा सञ्चालक समितिका अध्यक्षले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो । तद् पश्चात् कम्पनीको नियमावलीको व्यवस्था अनुसार सञ्चालक समितिको अध्यक्षले सभाको अध्यक्ष ग्रहण गरी कानूनतः आवश्यक प्रक्रिया पूरा भएकोले निर्धारित छलफलका विषयहरु उपर छलफल तथा निर्णय गर्न सभा सञ्चालन गर्न अनुरोध गर्नुभयो । सञ्चालक समितिका सदस्यहरु, कम्पनीका पदाधिकारी, आमन्त्रित व्यक्तित्वहरु र उपस्थित सबै शेयरधनीहरुलाई आसन ग्रहण गराई सभा सञ्चालित भएको थियो । सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुको स्वागत सञ्चालक समितिको तर्फबाट सञ्चालक गोपाल प्रसाद निउरेले गर्नु भएको थियो ।

७. **सभाको निर्णयः**

(क) **सामान्य प्रस्ताव र निर्णयः**

(१) आर्थिक बर्ष २०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतबाट पारित भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८०/०८१ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी स्वीकृत गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतबाट पारित भयो ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण गर्न लागि लेखापरीक्षक समिति र सञ्चालक समितिको सिफारिश अनुसार आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षक गर्न र निजको पारिश्रमिक निर्धारण गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा डि.एन. शाह एण्ड एशोसियट्स (D.N. Shah & Associates), चार्टड एकाउन्टेन्ट्सलाई वार्षिक रु. १,५०,०००/- (अक्षेरुपी एक लाख पचास हजार रुपैयाँ) (मूल्य अभिबृद्धि कर सहित) दिने गरी आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्त गर्ने निर्णय सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतबाट पारित भयो ।

(४) आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण गर्नका लागि कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनी ऐन, २०६३ को दफा ११३ बमोजिम नियुक्त लेखापरीक्षकको नियुक्ती अनुमोदन गर्ने प्रस्ताव उपर सभामा छलफल गर्दा कम्पनी रजिष्ट्रारको कार्यालयबाट जे.पि.एस.डि. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स (J.P.S.D. & Associates, Chartered Accountants) (प्रमाणपत्र नं. ४००) लाई यस कम्पनीको आर्थिक वर्ष २०८०/०८१ का लागि लेखापरीक्षकमा नियुक्ति गरि निजको वार्षिक पारिश्रमिक रु. १,५०,०००/- (मूल्य अभिबृद्धि कर सहित) तोकि दिने मिति २०८१/०९/१४ को निर्णय सभामा उपस्थित शेयरधनीहरुबाट अनुमोदन भयो

(ख) **विशेष प्रस्ताव र निर्णयः**

(१) कम्पनीको प्रबन्धपत्रमा संशोधन प्रस्ताव पारित गर्ने विषय उपर सभामा छलफल हुँदा कम्पनीको प्रबन्धपत्रमा देहाय बमोजिम रहने गरी संशोधन गर्ने निर्णय सभामा उपस्थित शेयरधनीवाट सर्वसम्मतबाट पारित भयो । कम्पनीको प्रवन्धपत्रको संसोधन उपर कुनै पनि नियमनकारी निकाय वा कम्पनी रजिष्ट्रारको कार्यालयबाट कुनै पनि निर्देशन प्राप्त भएमा सोही बमोजिम कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संसोधन, परिवर्तन, थपघट वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतबाट भयो ।

| प्रबन्धपत्रमा संशोधन | |
|---|---|
| **सािवक व्यवस्था** | **संशोधन भए पश्चात् हुने व्यवस्था** |
| **दफा (6)(क)** - कम्पनीको अधिकृत पूँजी रु. ५०,००,००,०००/- (अक्षेरुपी पचास करोड) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका ५०,००,००० (पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | **दफा (6)(क)** - कम्पनीको अधिकृत पूँजी रु. ६०,००,००,०००/- (अक्षेरुपी साठी करोड रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका ६०,००,००० (साठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । |
| **दफा (6)(ख)** - कम्पनीको तत्काल जारी गर्ने पूँजी रु. ३०,००,००,०००/- (अक्षेरुपी तीस करोड) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका ३०,००,००० (तीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | **दफा (6)(ख)** - कम्पनीको जारी पूँजी रु. ६०,००,००,०००/- (अक्षेरुपी साठी करोड रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका ६०,००,००० (साठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । |
| **दफा (6)(ग)** - कम्पनीका चुक्ता पूँजी रु. ३०,००,००,०००/- (अक्षेरुपी तीस करोड रुपैयाँ) हुनेछ । | **दफा (6)(ग)** - कम्पनीका चुक्ता पूँजी रु. ६०,००,००,०००/- (अक्षेरुपी साठी करोड रुपैयाँ) हुनेछ । |

(२) कम्पनीको चुक्ता पूँजीको १:१ (एक शेयर बराबर एक शेयर) अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव उपर बैठकमा छलफल गर्दा सभामा उपस्थित शेयरधनीहरुबाट निम्नानुसारको निर्णय भयो:

(क) कम्पनीको चुक्ता पूँजीको १:१ (एक शेयर बराबर एक शेयर) अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने ।

(ख) निष्काशित सम्पूर्ण हकप्रद शेयर बिक्री नभएमा उपयुक्त माध्यम तय गरि बिक्री गर्नका लागि कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रत्यायोजन गर्ने ।

(ग) हकप्रद शेयर निष्काशन देखि हकप्रद शेयर सूचिकरण लगायत सम्पूर्ण कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रत्यायोजन गर्ने ।

(घ) हकप्रद शेयर निष्काशन गर्दा कुनै पनि समस्या देखिएमा वा कुनै पनि विषयको सम्बोधन गर्नु पर्नेमा त्यस्तो सम्पूर्ण कार्यहरु गर्नका लागि कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रत्यायोजन गर्ने ।

(ङ) हकप्रद शेयर निष्काशन गर्दा कुनै पनि समस्या देखिएमा वा कुनै पनि विषयको सम्बोधन गर्नु पर्नेमा त्यस्तो सम्पूर्ण कार्यहरु गर्नका लागि कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रत्यायोजन गर्ने ।

(च) हकप्रद शेयर निष्काशन गर्ने कार्यका लागि गर्नु पर्ने आवश्यक सम्पूर्ण कार्य गर्नका लागि कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रत्यायोजन गर्ने ।

(३) हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकमको उपयोग सम्बन्धित प्रस्ताव उपर सभामा छलफल गर्दा हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने शेयर रकम निम्नानुसार उपयोग गर्ने निर्णय सभामा उपस्थित शेयरधनीहरुबाट भयो:

(क) कम्पनीमा कायम सम्पूर्ण ऋण र दायित्व भुक्तानी गर्ने ।

(ख) बुँदा नं. (क) अनुसारको ऋण र दायित्व भुक्तानी भई कायम हुने रकम मध्ये रु. ४,००,००,०००/- (अक्षेरपी चार करोड रुपैयाँ) कम्पनीद्वारा सञ्चालित २.५ मे.वा. क्षमताको दरम खोला 'ए' जलविद्युत आयोजनाको मर्मत र सम्भारमा खर्च गर्ने गरि व्यवस्था गर्ने ।

(ग) बुँदा नं. (क) र बुँदा नं. (ख) अनुसारको कार्यलाई छुटयाउँदा कुनै रकम बाँकी हुन आएमा उक्त रकम उपयुक्त उर्जा सम्बन्धित कम्पनीमा लगानी गर्नका लागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रत्यायोजन गर्ने ।

(ग) **विविधः** विविध अन्तर्गत छलफलको अन्य कुनै विषयमा नभएकोले यस सम्बन्धित कुनै छलफल तथा निर्णय भएन ।

८. **धन्यवाद ज्ञापन तथा सभा बिसर्जनः**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले सभामा उपस्थित सम्पूर्णलाई महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै सभा बिसर्जन गर्नुभयो ।

